# नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

प्रस्तावना: कर्णाली प्रदेशभित्र स्थायी बसोबास गर्ने चालिस वर्षमाथिका नागरिकमा नसर्ने रोगको जोखिम न्यूनीकरणको लागि रोकथाम, उपचार तथा परामर्श गर्न नागरिक स्वास्थ्य परीक्षण गर्न आवश्यक भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा १२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम सम्झनु पर्छ।

(ख) "कार्यान्वयन समिति" भन्नाले दफा १२ बमोजिम गठित समिति सम्झनु पर्छ।

(ग) "नसर्ने रोग" भन्नाले उच्च रक्तचाप, मधुमेह, दीर्घ श्वाप्रश्वास रोग, मृगौला सम्बन्धी रोग र क्यान्सर सम्झनु पर्छ।

(घ) "निर्देशनालय" भन्नाले स्वास्थ्य सेवा निर्देशनालय सम्झनु पर्छ।

(ङ) "निर्देशक समिति" भन्नाले दफा १० बमोजिम गठित समिति सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ज) "स्वास्थ्य संस्था" भन्नाले प्रदेश र स्थानीय तह अन्तर्गतका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी सम्झनु पर्छ।

(झ) "नागरिक स्वास्थ्य परीक्षण" भन्नाले दफा ४ बमोजिमका स्वास्थ्य जाँच, परीक्षण तथा प्रयोगशाला परीक्षण सम्बन्धी सेवा सम्झनु पर्छ।

(ञ) "लक्षित समूह" भन्नाले सम्बन्धित जिल्लामा स्थायी रूपमा बसोबास गरेका चालिस वर्ष वा सोभन्दा माथि उमेर समूहका नागरिक सम्झनु पर्छ।

३. कार्यक्रम सञ्चालन: (१) स्वास्थ्य संस्थाले लक्षित समूहको लागि स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गर्दा प्रथम पटक कार्यक्रम सञ्चालन भएको मितिले तीन दिन विशेष अभियान सञ्चालन गर्नु पर्नेछ।



प्रमुख सचिव

प्रदेश सचिव

(२) स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिम विशेष अभियान सञ्चालन भएपछि एक महिनासम्म लक्षित समूहलाई लागि निःशुल्क सेवा उपलब्ध गराउनु पर्नेछ।

(३) रणनीतिक स्थान वा सोभन्दा माथिल्लो तहका स्वास्थ्य संस्थाहरूले उपदफा (२) बमोजिमको सेवा वर्षभरी नियमित सञ्चालन गर्नु पर्नेछ।

(४) स्वास्थ्य संस्थाले नागरिक स्वास्थ्य परीक्षण सेवा लिने लक्षित वर्गको एकीकृत स्वास्थ्य सूचना प्रणालीको कैफियत खण्डमा ना.स्वा.प. कोड उल्लेख गरी अभिलेख राख्नु पर्नेछ।

(५) स्वास्थ्य संस्थाले उपदफा (४) बमोजिमको अभिलेख अनुसूची-१ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी मासिक रुपमा निर्देशनालयमा पेश गर्नु पर्नेछ।

(६) मन्त्रालयले कार्यक्रमको अभिलेख र प्रतिवेदनको लागि मोबाइल एप्लिकेशन र सफ्टवेयर निर्माण गरी प्रयोग गर्न सक्नेछ।

४. <u>स्वास्थ्य परीक्षण सेवा:</u> (१) स्वास्थ्य संस्थाले लक्षित वर्गलाई अनुसूची-२ मा उल्लेख भए बमोजिमको सेवा प्रदान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा बाहेक बिरामीको चाप, भौगोलिक अवस्था, जनसंख्या तथा रोगको प्रकृति अनुसार विशेषज्ञ चिकित्सक समेत रहने गरी अनुसूची-२ बमोजिमको सेवा प्रदान गर्न स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

५. <u>कार्यक्रम सञ्चालन हुने स्वास्थ्य संस्था:</u> (१) दफा ४ बमोजिमको स्वास्थ्य परीक्षण सेवा अनुसूची-३ मा उल्लेख भए बमोजिमका स्वास्थ्य संस्थाबाट प्रदान गरिनेछ।

(२) निर्देशनालयले प्रयोगशाला नभएका स्वास्थ्य संस्थाको माग तथा आवश्यकताको आधारमा रोगको निदानका लागि द्रुत परीक्षण सामग्री उपलब्ध गराउन सक्नेछ।

६. <u>प्रेषण गर्ने:</u> कुनै व्यक्तिको स्वास्थ्य परीक्षण गर्दा कुनै गम्भीर रोग पहिचान भएमा निजलाई प्रारम्भिक औषधि उपचार गरी थप उपचारका लागि प्रचलित कानून बमोजिम विशेषज्ञ वा विशिष्टिकृत अस्पतालमा प्रेषण गर्नु पर्नेछ।

७. <u>जनशक्तिको व्यवस्थापन:</u> (१) कार्यक्रम कार्यान्वयनको लागि अनुसूची-४ बमोजिमको जनशक्ति सम्बन्धित स्वास्थ्य संस्थाले परिचालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जनशक्ति व्यवस्थापन गर्दा मौजुदा जनशक्तिबाट व्यवस्थापन गर्नुपर्नेछ। तर मौजुदा जनशक्ति उपलब्ध नभएको हकमा निर्देशनालयले विनियोजित बजेटको परीधिभित्र रही प्रदेश सरकारको छात्रवृत्तिमा अध्ययन गरेका प्रयोगशालाकर्मीसँग सेवा करार गर्न सक्नेछ।



प्रदेश सचिव

(३) विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गर्दा सम्भव भएसम्म प्रदेशस्तरीय कार्यालयबाट विशेषज्ञ जनशक्ति परिचालन गर्नुपर्नेछ तर प्रदेशस्तरमा विशेषज्ञ जनशक्ति अपुग भएमा वा उपलब्ध नभएमा आवश्यकता अनुसार शिक्षण अस्पताल वा विशिष्टकृत अस्पतालसँग सम्झौता गरी जनशक्ति व्यवस्थापन गर्न सकिनेछ।

८. <u>प्रचार प्रसार</u>: (१) मन्त्रालय, निर्देशनालय र मन्त्रालय मातहतका स्वास्थ्य संस्थाले कार्यक्रम सञ्चालन सम्बन्धी प्रचार प्रसार आम सञ्चार माध्यम, वेबसाइट एवं सामाजिक सञ्जाल मार्फत् गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्देशनालयले कार्यक्रम तथा उच्च जोखिम भएका रोग सम्बन्धी सूचना र शैक्षिक सामग्री मन्त्रालय मार्फत् स्वीकृत गरी प्रकाशन गर्नु पर्नेछ।

९. <u>अभिमुखीकरण</u>: निर्देशनालयले स्वास्थ्यकर्मी, सम्बन्धित जिल्ला तथा स्थानीय तहका जनप्रतिनिधि र सरोकारवाला निकायलाई कार्यक्रम सञ्चालन प्रक्रिया सम्बन्धी अभिमुखीकरण गर्नेछ।

१०. <u>निर्देशक समिति</u>: (१) नसर्ने रोगलाई समयमा नै रोकथाम, उपचार तथा परामर्श गरी न्यूनीकरण गर्नको लागि नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम आवधिक रूपमा सञ्चालन गर्न आवश्यक निर्देशन, सुपरिवेक्षण तथा समन्वयको लागि एक निर्देशक समिति गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) मन्त्री, मन्त्रालय | -अध्यक्ष |
| (ख) सचिव, मन्त्रालय | -सदस्य |
| (ग) प्रमुख, स्वास्थ्य सेवा महाशाखा, मन्त्रालय | -सदस्य |
| (घ) मन्त्रालयले तोकेको विज्ञ चिकित्सक एकजना | -सदस्य |
| (ङ) निर्देशक, निर्देशनालय | -सदस्य सचिव |

(३) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) निर्देशक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(५) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

११. <u>निर्देशक समितिको काम कर्तव्य र अधिकार</u>: निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

प्रदेश सचिव

(क) कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्न आवश्यक कार्ययोजना र मापदण्ड निर्धारण गर्ने,

(ख) कार्यक्रम कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,

(ग) कार्यक्रम सम्बन्धी आवधिक समीक्षा गरी आवश्यकता अनुसार निर्देशन दिने,

(घ) कार्यक्रम कार्यान्वयनका लागि प्रदेश तथा स्थानीय तहसँग आवश्यक समन्वय तथा सहजीकरण गर्ने।

१२. <u>कार्यान्वयन समितिः</u> (१) नागरिक स्वास्थ्य परीक्षण कार्यक्रमलाई कार्यान्वयन गर्नको लागि एक कार्यान्वयन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समिति देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) निर्देशक, निर्देशनालय | -संयोजक |
| (ख) प्रतिनिधि, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | -सदस्य |
| (ग) प्रतिनिधि, प्रदेश जनस्वास्थ्य प्रयोगशाला | -सदस्य |
| (घ) प्रतिनिधि, प्रदेश अस्पताल | -सदस्य |
| (ङ) प्रमुख, चिकित्सा शाखा, मन्त्रालय | -सदस्य |
| (च) प्रतिनिधि, प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र | -सदस्य |
| (छ) निर्देशनालयले तोकेको कार्यक्रम सम्पर्क अधिकारी | -सदस्य सचिव |

(३) कार्यान्वयन समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) कार्यान्वयन समितिको बैठक आवश्यकता अनुसार र त्रैमासिक रूपले अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(५) उपदफा (४) बमोजिमको बैठकमा संयोजकले कार्यक्रमको वित्तीय तथा भौतिक प्रगति प्रस्तुत गर्नु पर्नेछ।

(६) कार्यान्वयन समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१३. <u>कार्यान्वयन समितिको काम कर्तव्य अधिकारः</u> कार्यान्वयन समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः-

प्रदेश सचिव

(क) जनस्वास्थ्य/स्वास्थ्य सेवा कार्यालय र स्थानीय तहमा समन्वय गरी भौगोलिक अवस्था, जनशक्ति, भौतिक पूर्वाधार र उपलब्ध स्रोत साधनका आधारमा कार्यक्रम सञ्चालन सम्बन्धमा कार्ययोजना बनाउने,

(ख) कार्यक्रमको कार्यतालिका निर्धारण गर्ने,

(ग) कार्यक्रमको प्रगति प्रतिवेदन तयार गर्ने र निर्देशक समिति समक्ष पेश गर्ने,

(घ) कार्यक्रमको निरन्तर अनुगमन र सुपरीवेक्षण गर्ने,

(ङ) निर्देशक समितिले दिएको निर्देशन कार्यान्वियन गर्ने।

१४. <u>अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कनः</u> मन्त्रालय र निर्देशनालयले कार्यक्रम कार्यान्वयनको निरन्तर अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गर्नु पर्नेछ।

१५. <u>स्थलगत प्रशिक्षणः</u> कार्यक्रम सञ्चालनका क्रममा कुनै समस्या वा प्राविधिक कठिनाई आइपरेमा निर्देशनालय र प्रदेश जनस्वास्थ्य प्रयोगशालाले स्थलगत अनुगमन गरी समस्या समाधान गर्नु पर्नेछ।

१६. <u>खर्च व्यवस्थापनः</u> (१) कार्यक्रम सञ्चालन गर्दा विनियोजन भएको बजेट खर्च गर्ने निकायले देहाय बमोजिमको स्वास्थ्य सामग्री तथा शीर्षकमा खर्च गर्न सक्नेछः-

(क) औजार तथा उपकरण खरिद तथा मर्मत सम्भार,

(ख) ल्याब रि-एजेण्ट तथा कन्ज्युमेवल्स,

(ग) औषधी तथा औषधीजन्य सामग्री,

(घ) विशेषज्ञ सेवा र जनशक्ति व्यवस्थापन,

(ङ) अभिमुखीकरण तथा तालिम,

(च) अनुगमन तथा सुपरीवेक्षण।

(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन भएको अवधिभर सेवा प्रवाहमा संलग्न जनशक्तिलाई कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम सुविधा उपलब्ध गराइनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रमका लागि सेवा करारमा लिएका कर्मचारीको हकमा करार सम्झौतामा उल्लिखित पारिश्रमिक र सेवा सुविधा उपलब्ध गराइनेछ।

(४) प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रमा विनियोजन भएको बजेटबाट मासिक रूपमा सञ्चालन हुने गाउँघर क्लिनिकबाट नागरिक स्वास्थ्य परीक्षण र स्क्रिनिङ्ग तथा उपचारको व्यवस्था मिलाउनु पर्नेछ।

१७. <u>तथ्याङ्क सार्वजनिकीकरणः</u> मन्त्रालय र निर्देशनालयको वेबसाइटमा कार्यक्रमको गतिविधि तथा यस कार्यक्रमबाट लाभान्वित सेवा ग्राहीको विवरण सार्वजनिक गर्नु पर्नेछ।

१८. <u>बाधा अड्काउ फुकाउः</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

प्रदेश सचिव

प्रमुख सचिव

अनुसूची-१

(दफा ३ को उपदफा (५) सँग सम्बन्धित)

<u>प्रतिवेदनको ढाँचा</u>

| वडा नं. | परीक्षण गरिएको संख्या | रोगको निदान तथा उपचार | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उच्च रक्त चाप | मधुमेह | दीर्घ स्वास प्रश्वास | मृगौला | मानसिक समस्या | आँखा/ कान | VIA Test | पेट सम्बन्धी | क्यान्सर | | कलेजो | अन्य रोग | उपचार | प्रेषण | अन्य (उल्लेख गर्ने) |
| | | | | | | | | | | स्तन | पाठेघर | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

प्रदेश सचिव

अनुसूची-२

(दफा ४ को उपदफा (१) र (२) सँग सम्बन्धित)

नागरिक स्वास्थ्य परीक्षण तह, परीक्षण तथा सेवा

| क्र.सं. | परीक्षण तह | परीक्षण | सेवा | कैफियत |
|---|---|---|---|---|
| १ | प्रयोगशाला नभएको स्वास्थ्य चौकी | रक्तचाप परीक्षण, मधुमेह परीक्षण, पिसाब परीक्षणका लागि द्रुत परीक्षण सामग्री | | |
| २ | प्रयोगशाला भएको स्वास्थ्य चौकी | रक्तचाप परीक्षण, मधुमेह परीक्षण, पिसाब परीक्षण, बि.एम.आई., रक्त समूह परीक्षण | स्क्रिनिङ, परामर्श, प्रेषण (आधारभूत अस्पताल वा अन्य सूचीकृत अस्पताल) | |
| ३ | आधारभूत अस्पताल/ रणनीतिक स्थानका अस्पताल तथा स्वास्थ्य संस्था | प्रयोगशाला भएको स्वास्थ्य चौकीले प्रवाह गर्ने सम्पुर्ण परीक्षण, आर.बि.एस., कलेजो परीक्षण (एल.एफ.टी.), मृगौला परीक्षण (आर.एफ.टी.), रक्त परीक्षण (सि.बि.सि.), भि.आई.ए., एच.पि.भी. डि.एन.ए. परीक्षण (नमूना संकलन मात्र), रक्त समूह परीक्षण | स्क्रिनिङ, परामर्श, प्रेषण, आधारभूत उपचार, दृष्टी परीक्षण, रणनीतिक स्थानमा शिविर | |
| ४ | जिल्लास्तरीय अस्पताल | आधारभूत अस्पताल/ रणनीतिक स्थानका अस्पतालले प्रवाह गर्ने परीक्षणका अतिरिक्त, दिसा तथा पिसाब नमूना परीक्षण, *H. pyloric* एन्टिजेन, लिपिड प्रोफाईल, एच.बि.ए-१-सी, पि.टि.आई.एन.आर, रक्त समूह परीक्षण | स्क्रिनिङ, परामर्श, प्रेषण, आधारभूत उपचार, विशेषज्ञ सेवा, ई.सि.जि., एक्स-रे, यु.एस.जी., अडियोमेट्री, | |
| ५ | प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र | रक्तचाप परीक्षण, मधुमेह परीक्षण, पिसाब परीक्षण, बि.एम.आई., कलेजो परीक्षण (एल.एफ.टी.), मृगौला परीक्षण (आर.एफ.टी.), रक्त परीक्षण (सि.बि.सि.), रक्त समूह परीक्षण, थेराप्युटिक योग, पञ्चकर्म, | स्क्रिनिङ, परामर्श, प्रेषण, आधारभूत उपचार, स्वास्थ्य शिविर, योगध्यान शिविर, एक्स-रे, यु.एस.जी., | |



प्रमुख सचिव

प्रदेश सचिव

| | | | | |
|---|---|---|---|---|
| | | फिजियोथेरापी | | |
| ६ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | सम्पूर्ण मधुमेह परीक्षण, कलेजो परीक्षण (एल.एफ.टी.), मृगौला परीक्षण (आर.एफ.टी.), रक्त परीक्षण (सि.बि.सि.), रक्त समूह परीक्षण, एच.पि.भी. डि.एन.ए. परीक्षण, लिपिड प्रोफाईल (Lipid Profile), पि.टि.आई.एन.आर (PTINR), *H. pyloric* एन्टिबडि/ एन्टिजेन सबै आर.डि.टि. जाँचहरू, सिकलसेल एनिमिया र आवश्यकता अनुसारका विशेषज्ञ तथा विशिष्टकृत परीक्षण | दैनिक परीक्षण | |

## अनुसूची-३

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित )

**कार्यक्रम सञ्चालन हुने स्वास्थ्य संस्था**

| जिल्लाको नाम | रणनीतिक स्थानका आधारभूत अस्पताल/स्वास्थ्य चौकी | अन्य आधारभूत अस्पताल | प्राथमिक स्वास्थ्य केन्द्र |
|---|---|---|---|
| हुम्ला | अदानचुली स्वास्थ्य चौकी (प्रस्तावित अस्पताल) | | |
| | मुचु स्वास्थ्य चौकी, नाम्खा गा.पा. | | |
| | सर्केगाड स्वास्थ्य चौकी, सर्केगाड गा.पा. | | |
| डोल्पा | मुडकेचुला स्वास्थ्य चौकी (प्रस्तावित अस्पताल) | | |
| मुगु | रातापानी प्रा.स्वा.के., खत्याड (प्रस्तावित अस्पताल) | मुगुम कारमारोङ्ग अस्पताल | |
| | नाथर्पु स्वा. चौ. सोरु | | |
| जुम्ला | कनका सुन्दरी स्वास्थ्य चौकी (प्रस्तावित अस्पताल), | | कालिकाखेतु प्रा.स्वा.के. |
| | नराकोट स्वा.चौ. | | |
| कालिकोट | रास्कोट अस्पताल | पलाता अस्पताल | कुमालगाउँ प्रा.स्वा.के |
| | राँचुली अस्पताल -तिलागुफा | सान्नित्रिवेणी अस्पताल | |
| | | महाबै अस्पताल | |
| दैलेख | | जम्मुकाँध अस्पताल | लाकन्द्र प्रा.स्वा.के |
| | दुल्लु अस्पताल | गुराँस अस्पताल | नौमूले प्रा.स्वा.के. |
| | राकाम अस्पताल | भगमतीमाइ अस्पताल | |
| | | | |
| जाजरकोट | दल्ली अस्पताल, नलगाड | छेडागाड अस्पताल | गर्खाकोट प्रा.स्वा.के |
| | शिवालय स्वा.चौ. (प्रस्तावित अस्पताल) | लिम्सा अस्पताल | |
| रुकुम पश्चिम | आठबीसकोट अस्पताल | चौरजहारी अस्पताल | कोटजहारी प्रा.स्वा.के |
| | बाफिकोट स्वा.चौ. | | |
| सल्यान | | कपुरकोट अस्पताल | थारमारे प्रा.स्वा.के |
| | वनगाड कुभिण्डे स्वा. चौ (प्रस्तावित अस्पताल) | कुमाख अस्पताल | लेखपोखरा प्रा.स्वा.के |
| | | सिद्धकुमाख अस्पताल | |
| सुर्खेत | सालकोट अस्पताल | वीरेन्द्रनगर नगर अस्पताल | दथरथपुर प्रा.स्वा.के |
| | | सिम्ता अस्पताल | अवलचिङ्ग प्रा.स्वा.के |

अनुसूची-४
(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

परीक्षण तह, जनशक्ति र सेवा

| क्र.सं | परीक्षण तह | आवश्यक जनशक्ति | सेवा | दिन |
|---|---|---|---|---|
| १. | स्वास्थ्य चौकी | अ.न.मी/स्टाफ नर्स, हे.अ, अ.हे.ब., ल्या.अ/ ल्या.टे, प.हे.न, र अन्य | स्क्रिनिङ, परामर्श, प्रेषण | १ दिन अभिमुखिकरण र दैनिक सेवा |
| २ | स्थानीय तहमा अभिमुखिकरण | स्थानीय तहका पदाधिकारी स्वास्थ्य शाखामा कार्यरत कर्मचारी संयोजक, सूचना अधिकारी, | | १ दिन |
| ३. | रणनीतिक स्थानका अस्पताल/स्वा. चौकी | अ.न.मी./स्टाफ नर्स, हे.अ., अ.हे.ब., ल्या.अ./ल्या.टे.,मे.रे. प.हे.न, मे.अ., विशेषज्ञ चिकित्सक र अन्य | स्क्रिनिङ, रोगको निदान, प्रयोगशाला परीक्षण, परामर्श, उपचार प्रेषण, | परीक्षण ३ दिन र विशेषज्ञ स्वास्थ्य शिविर सहित |
| ४. | आधारभूत अस्पताल | अ.न.मी/स्टाफ नर्स, हे.अ., अ.हे.ब, ल्या.अ/ल्या.टे, प.हे.न, मे.अ, विशेषज्ञ चिकित्सक र अन्य | स्क्रिनिङ, रोगको निदान, प्रयोगशाला परीक्षण, परामर्श, उपचार प्रेषण, | परीक्षण ३ दिन र आवश्यक भएमा स्वास्थ्य शिविर |
| ५. | जिल्लास्तरीय अस्पताल | अ.न.मी./स्टाफ नर्स, हे.अ., अ.हे.ब., ल्या.अ./ल्या.टे., प.हे.न.,ज.स्वा.अ., मे.अ., विशेषज्ञ चिकित्सक र अन्य | स्क्रिनिङ, रोगको निदान, प्रयोगशाला परीक्षण, परामर्श, उपचार प्रेषण, | नियमित, परीक्षण र बृहत्त विशेषज्ञ स्वास्थ्य शिविर ३ देखि ७ दिन |
| ६. | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | ल्याब टेक्नोलोजिष्ट, ल्याब टेक्निसियन/असिस्टेण्ट, कम्प्यूटर अपरेटर | प्रयोगशाला परीक्षण, | नियमित सेवा |
| ७. | प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र वीरेन्द्रनगर | ल्याब टेक्निसियन/असिस्टेण्ट, चिकित्सक, योग प्रशिक्षक, स्टाफ नर्स, कविराज/वैद्य र अन्य | स्क्रिनिङ, रोगको निदान, प्रयोगशाला परीक्षण, परामर्श, उपचार प्रेषण | नियमित सेवा |

| | | | | |
|---|---|---|---|---|
| ८. | प्रदेश अस्पताल | ल्याब टेक्निसियन/असिस्टेण्ट, Culture/GeneXpert ल्याबका लागि कार्यरत जनशक्ति र नियमित जनशक्ति | प्रेषण सेवा | नियमित सेवा |
| ९ | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान | ल्याब टेक्निसियन/असिस्टेण्ट, Culture/GeneXpert ल्याबका लागि कार्यरत जनशक्ति र नियमित जनशक्ति | प्रेषण सेवा | नियमित सेवा |

प्रदेश सचिव